दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्भनुहोस्
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१

वर्ष ३७ | अंक २८० | बुटवल | २०८२ असोज ३० गते, बिहीबार | नेपाल संवत ११४५ | Thursday October 16, 2025 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

## एमाले केन्द्रीय कमिटी बैठक:

# 'संसद पुनर्स्थापनाका लागि आन्दोलन'

### एमालेको ११औं महाधिवेशन आगामी मंसिर २७ देखि २९ गतेसम्म पोखरामा गर्ने प्रस्ताव भएको छ।

बुटवल । नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीले विघटित प्रतिनिधिसभा पुनर्स्थापना र संविधानलाई लयमा फर्काउन सडक आन्दोलन अघि बढाउने प्रस्ताव पेश गरेका छन् । बुधबारबाट सुरु भएको पार्टीको केन्द्रीय कमिटीको बैठकमा ओलीले पेश गरेको राजनीतिक प्रस्तावमा अब हुने भनिएको आन्दोलनलाई 'जनआन्दोलन' भनिएको छ । उनले उक्त आन्दोलनमा सरिक हुन संविधान र लोकतन्त्रका पक्षधर शक्तिहरूलाई आह्वान पनि गरेका छन् ।

ओलीले पेश गरेको दस्ताबेजको १४औं बुँदामा 'देशलाई संविधान र लोकतन्त्रको मार्गमा फर्काउन 'आन्दोलन' शीर्षकमा ओलीले लेखेका छन्- 'सरकारको संरक्षणमा भइरहेका ज्यादती र उल्टो गतिका विरुद्ध एवं विघटित संसद्को पुनर्स्थापना गर्दै देशलाई संविधान र लोकतन्त्रको मार्गमा फर्काउन जनआन्दोलनको विकल्प नरहेको हाम्रो पार्टीको निष्कर्ष पनि हामी प्रष्ट पार्न चाहन्छौं ।'

उनले जनपरिचालन र जनआन्दोलनका विभिन्न कार्यक्रमहरू तय गर्दै अघि बढ्न सिङ्गो पार्टी पङ्क्ति, संविधान र लोकतन्त्रका पक्षधर राजनीतिक दलहरू र आम नागरिकलाई आह्वान गरेका छन् ।

उनले पार्टीभित्र सुदृढ एकता आवश्यक रहेको उल्लेख गर्दै अनुशासन उल्लंघन गर्नेलाई तत्काल कारबाही गर्ने प्रस्ताव गरेका छन् ।

'केन्द्रीय सचिवालयको बैठकले मुलुकको असहज परिस्थितिमा पार्टीको एकतालाई थप सुदृढ र उच्च बनाएको छ । अब उप्रान्त पार्टी अनुशासनलाई कडाइका साथ पालना गर्न गराउन पार्टी दृढ छ,' उनले भनेका छन्-'पार्टी अनुशासन तोडेमा, अनैतिक अराजक र भ्रष्टाचारजन्य क्रियाकलाप गरेमा पार्टीको केन्द्रीय सङ्गठन विभागले तत्काल आवश्यक कारबाही गरी केन्द्रीय सचिवालयमा जानकारी गराउने व्यवस्था यस केन्द्रीय कमिटीको बैठकबाट गरिनेछ ।'

**केन्द्रीय कमिटीले भने मात्रै अध्यक्ष छाड्छु**

ओलीले केन्द्रीय कमिटीले भने एक मिनेट पनि अध्यक्ष पदमा नबस्ने बताएका छन् । केन्द्रीय कमिटी बैठकलाई सम्बोधन गर्दै फेसबुकमा कसैले भन्दैमा नछाड्ने उनले बताए ।

उनले भने-'मैले हट्नु पर्छ कि पर्दैन भन्ने फेसबुकले भन्ने होइन, यो कमिटीले भनेको बेलामा यो आदेश दिने ठाउँ हो, यसको आदेशमा दिए एक मिनेट पनि बस्दिनँ, यो कमिटीभन्दा बाहिर गएर लोकप्रियतावादको पछि कुदेर यो कमिटीको कोही सदस्यले भन्दैमा हुँदैन ।'

उनले कतिपयले आफूलाई बोकेर हिंड्न नसकेको भनेकोप्रति असन्तुष्टि जनाउँदै आफैँ हिंड्न सक्ने जवाफ दिए ।

उनले केन्द्रीय कमिटीका सदस्यलाई सिङ्गो पार्टी पङ्क्तिलाई एकताको यस भावनालाई आत्मसात् गर्न र अझ सुदृढ गर्ने काममा योगदान गर्न अनुरोध गरेका छन् ।

ओलीले भदौ २४ पछि मुलुकमा भय र सन्त्रासको अवस्था रहेको बताएका छन् । ओलीले हाल मुलुकमा शान्ति सुरक्षाको अवस्था नाजुक अवस्थामा रहेको बताएका हुन् ।

'राज्यका सुरक्षा निकायबाट खोसिएका १२ सयभन्दा बढी हतियारहरू र झण्डै एक लाख गोलीगठ्ठा अझै पनि अपराधीहरूसँग छन् । फरार कैदीहरूमध्ये साढे ५ हजारभन्दा बढी अझै बाहिरै छन् र तिनीहरूले पुनः विभिन्न अपराध गर्दै समाजमा भय र सन्त्रासको अवस्था




सिर्जना गरिरहेका छन् ।'- ओलीको प्रस्तावमा उल्लेख छ ।

लुटिएका हतियार, ध्वस्त संरचनाका कारण प्रहरीको मनोबल टुटेको भन्दै ओलीले बर्बर हत्या एवम् आक्रमणका घटनाहरू बढिरहेको बताएका छन् । 'सरकार शान्ति सुरक्षा कायम गर्न असमर्थ छ । सरकार निकटका मान्छेहरूले राज्य आतंकका लागि दुरुत्साहन गरिरहँदा पनि सरकारको मौनताले गम्भीर प्रश्न खडा भएको छ ।'- सरकारमाथि प्रश्न उठाउँदै ओलीले भनेका छन् । वर्तमान सरकार बनेपछि प्रशासन तथा विकास आयोजनामा हस्तक्षेप बढेको र आतंकित बनाउने काम भइरहेको पनि उनले उल्लेख गरेका छन् ।'अनधिकृत समूह र व्यक्तिहरूबाट प्रशासनमा हस्तक्षेप गर्ने, विभिन्न विकास आयोजनामा निःशुल्क सेयर माग्ने र प्रशासकहरूलाई आतंकित बनाउने काम भइरहेको छ । तर सरकार देख्यानदेख्यै गरेर बसेको छ ।' -विशेष प्रस्तावमा भनिएको छ । ओलीले सरकारको यस खाले व्यवहारप्रति खेद व्यक्त गरेका छन् ।

नागरिकले आफ्नो जनधनको सुरक्षा आफैँ गर्नुपर्ने अवस्था सिर्जना भएको भन्दै ओलीले टोलटोलमा सुरक्षा समितिहरू गठन गर्न, टोलको गस्ती गर्न र सुरक्षाकर्मीहरूलाई ध्वस्त सुरक्षा कार्यालय पुनर्स्थापनालगायतका काममा सघाउन आग्रह गरेका छन् ।

नेकपा एमालेको केन्द्रीय कमिटी बैठकमा अध्यक्ष केपी शर्मा ओलीको राजनीतिक प्रतिवेदनमाथि ५० जना सदस्यले धारणा राखेका छन् ।बुधबारदेखि ललितपुरको भनिमण्डलमा सुरु भएको बैठकमा पहिलो दिन ५० जना केन्द्रीय सदस्यले अध्यक्ष ओलीको प्रतिवेदनमाथि धारणा राखे । यसपटकको एमाले केन्द्रीय कमिटी बैठकमा महासचिव शंकर पोखरेलले उल्टो वर्णानुक्रमअनुसार अर्थात् 'ज्ञ' बाट 'क' सम्मका सदस्यहरूलाई पालैपालो धारणा राख्ने निर्णय सुनाएका थिए ।

एमालेमा अघिल्ला बैठकहरुमा केन्द्रीय सदस्यहरूको नामको पहिलो अक्षरको सुल्टो वर्णानुक्रम ('अ'बाट 'क' हुँदै 'ज्ञ'सम्म) बोल्ने प्रचलन थियो । तर, यसपटक फरक प्रस्ताव आउँदा बुधबार भनिमण्डलमा केहीबेर हल्लाखल्ला भएको थियो । महासचिव पोखरेलको प्रस्तावमा वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलले विरोध जनाएका थिए । उनको विरोधमा अरू केही केन्द्रीय सदस्यहरूले पनि समर्थन जनाए । तथापि, बैठकमा उल्टो वर्णानुक्रमअनुसार नै सदस्यहरूलाई समय दिँदै बोल्न दिइयो । केन्द्रीय सदस्यहरूलाई धारणा राख्न ३/३ मिनेटको समय दिइएको छ । एमाले केन्द्रीय कमिटीको बैठक आज बिहीबार बिहान ८ बजेदेखि पुनः सुचारु हुनेछ ।

**जाँचबुझ आयोगबारे प्रश्न**

नेकपा एमालेको केन्द्रीय कमिटी बैठकमा जेनजी आन्दोलनबारे छानबिन गर्न बनेको जाँचबुझ आयोगबारे प्रश्न उठेको छ ।

सो क्रममा केही सदस्यहरूले गौरीबहादुर कार्की विवादित भइसकेकाले छानबिन पूर्वाग्रहपूर्ण रहेको बताएको प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले जानकारी दिए । 'छानबिन आयोगका अध्यक्षले बोलेका टिप्पणीले उहाँ विवादित हुनुभयो । उहाँको नेतृत्वमा छानबिन हुन सक्दैन । यो पूर्वाग्रहपूर्ण हुन्छ । आग्रहपूर्ण हुन्छ । नयाँ छानबिन समिति बनाएर जानुपर्ने कुरा आजको बैठकमा नेताहरूले राख्नुभएको छ ।'- गौतमले भने ।

साथै, उनले संविधान र लोकतन्त्रलाई लिकमा ल्याउनका लागि आन्दोलन उठाउने कुरा पनि भएको जिकिर गरे ।

सबै राजनीति दलहरूलाई समेटेर संविधान र लोकतन्त्रलाई लिकमा ल्याउनका लागि आन्दोलन उठाउने कुरा आएको उनले उल्लेख गरे ।

साथै, पूर्वराष्ट्रपति विद्यादेवी भण्डारीको सदस्यताको विषयमा पनि केही सदस्यले चासो राखेको उनले बताए ।

**११औं महाधिवेशन मंसिर २७ देखि २९ गतेसम्म पोखरामा**

नेकपा एमालेको ११औं महाधिवेशन आगामी मंसिर २७ देखि २९ गतेसम्म पोखरामा हुने भएको छ । जारी केन्द्रीय कमिटी बैठकमा अध्यक्ष केपी ओलीले मिति र ठाउँ प्रस्ताव गरेका छन् । अध्यक्ष ओलीले गरेको प्रस्ताव तीनदिनसम्म चल्ने केन्द्रीय कमिटी बैठकले औपचारिक रूपमा निर्णय लिनेछ ।

# ओली हटेपछि एमालेसँग एकता हुनसक्छ : प्रचण्ड

बुटवल । नेकपा (माओवादी केन्द्र) का संयोजक पुष्पकमल दाहाल 'प्रचण्ड'ले एमालेसँगको सम्भावित एकताबारे बोलेका छन् ।

धादिङको बेनिघाट रोराङमा आयोजित भेटघाट कार्यक्रममा संयोजक प्रचण्डले युवा तथा पार्टी नेताकार्यकर्तासँग कुराकानी गर्दै आगामी चुनावलाई पार्टीको प्रमुख एजेन्डा बनाउँदै अघि बढ्ने बताएका हुन् ।

'अबको माओवादीको लाइन भनेको चुनाव हो ।'-उनले भने । उनले तिहारलगत्तै समाजवादी मोर्चाभित्र रहेका दलहरूसँग एकता प्रक्रिया अघि बढ्ने जानकारी प्रचण्डले दिए ।

एमालेसँग एकताको सम्भावनाबारे बोल्दै उनले भने-'केपी ओली नेतृत्वमा रहेसम्म एमालेसँग एकता हुँदैन । तर ओलीको नेतृत्व नरहेमा एकताको ढोका खुल्न सक्छ ।'

कार्यक्रममा सहभागी युवा तथा नेता कार्यकताहरूसँगको छलफल गर्दै प्रचण्डले युवा पुस्ताले माओवादीको विचार र मार्गदर्शनलाई सही ठहर गर्न थालेको बताए ।

'अहिले मेरो जेनजी युवाहरुसँग पनि छूलफल भैरहेको छ । युवाहरूले माओवादी सही रहेछ भन्ने बुझ्नु भएको छ ।'- उनले भने ।

# महरा पुर्पक्षका लागि थुनामा

बुटवल । जिल्ला अदालत काठमाडौँले पूर्वसभामुख कृष्णबहादुर महरालाई पुर्पक्षका लागि थुनामा पठाउन आदेश गरेको छ । जिल्ला अदालतका न्यायाधीश हर्कबहादुर क्षेत्रीको इजलासले महरालाई थुनामा पठाउने आदेश गरेको हो ।

महरा विद्युतीय चुरोट (भेप) मार्फत् सुन तस्करी गरेको आरोपमा पक्राउ परेका थिए । मंगलबार क्षेत्रीको इजलासमा सुरुमा बकपत्र र त्यसपछि बहस चलेको थियो । तर, बहस नसकिएपछि उनलाई हिरासतमै फर्काएर बुधबार पनि थुनछेक बहस भएको थियो ।

प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सीआइबी)ले उनलाई आइतबार पक्राउ गरेको थियो । सोमबार अभियोगपत्रसाथ प्रहरीले एकै पटक अदालतमा बुझाएको थियो ।

महराविरुद्ध भन्सार छली र संगठित अपराधको कसुरमा मुद्दा छ । उनलाई यसअघि २०८० चैत ५ गते पनि कागज गराएको थियो ।

०७९ पुस १० गते फ्लाई दुबईको जहाजमार्फत् नेपाल आएका चिनियाँ नागरिक लि हानसोङले २ वटा सुटकेसभित्र ७३ बट्टामा ७३० वटा विद्युतीय चुरोट (भेप) मा सुन ल्याएको पाइएको थियो ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल हुँदै नेपालमा ल्याएको सुन भन्सारकै कर्मचारीले लगेका थिए ।

भन्सारले सुरुमा नियन्त्रणमा लिएपछि छुटाउनलाई चिनियाँसँग महरा बाबुछोराको मिलेमतो देखिएको प्रहरीले जनाएको छ । यो प्रकरणमा भन्सारका कर्मचारीविरुद्ध यसअघि नै मुद्दा दर्ता भइसकेको छ ।

चिनियाँ तस्करसँग महरा र उनका छोरा राहुलको मिलेमतो देखिएको भए पनि प्रहरी र सरकारी वकिलले पहिलो चरणमा महरालाई प्रतिवादी नबनाई मुद्दा दर्ता गरेका थिए । महरालाई पुर्पक्षका लागि थुनामा पठाउन अदालतले आदेश दिएसँगै केन्द्रीय कारागार सुन्धारामा लगिएको छ ।

# विशेष महाधिवेशनको हस्ताक्षर बुझाइयो

बुटवल । नेपाली कांग्रेसको विशेष महाधिवेशनको माग गर्दै संकलित हस्ताक्षर पार्टी कार्यवाहक सभापति पूर्णबहादुर खड्कालाई बुझाइएको छ ।

बुधबार पार्टी केन्द्रीय कार्यालय सानेपामा खड्कालाई महाधिवेशन प्रतिनिधिहरूले हस्ताक्षरसहितको पत्र बुझाएका हुन् ।

नेता गुरुराज घिमिरेले ५३ प्रतिशत महाधिवेशन प्रतिनिधिको हस्ताक्षर बुझाइएको जानकारी दिए ।

४० प्रतिशत महाधिवेशन प्रतिनिधिले कारण खुलाएर विशेष महाधिवेशन माग गरेमा तीन महिनाभित्र त्यस्तो विशेष महाधिवेशन बोलाउनुपर्ने व्यवस्था कांग्रेस विधानमा छ । फाइल बुझेका उप-सभापति खड्काले 'जय नेपाल' बाहेक केही बोलेनन् । कांग्रेसको नियमित महाधिवेशन आगामी मंसिरमा हुनुपर्ने भए पनि यसबारे अहिलेसम्म कुनै तयारी छैन । तर जेनजी आन्दोलनपछि कांग्रेसमा मंसिरमै नियमित महाधिवेशन हुनुपर्ने कुरा उठेको छ ।

जेनजी आन्दोलनकारीको आक्रमणमा परेका सभापति शेरबहादुर देउवाले मंगलबार पार्टी केन्द्रीय कार्यसमितिको बैठकलाई सम्बोधन गर्दै उप-सभापति खड्कालाई कार्यवाहकको जिम्मेवारी दिएका हुन् ।

# संसद विघटनविरुद्ध ९ रिट

बुटवल । प्रतिनिधिसभा विघटन र अन्तरिम सरकार खारेजको माग गर्दै दर्ता भएका रिटमाथि छठपछि सुनुवाइ सुरु हुने भएको छ।

सर्वोच्च अदालतमा दर्ता गरिएका रिटहरूमाथि कात्तिक १२ मा प्रारम्भिक पेशी तोकिएको सर्वोच्च अदालत प्रशासनले जनाएको छ।

संविधानविपरीत प्रतिनिधिसभा विघटन गरी अन्तरिम सरकार गठन गरिएको भन्दै सर्वोच्च अदालतमा ९ वटा रिट निवेदन दर्ता भएका छन्। ती निवेदनहरू हिजो पेश भएका थिए।

आवश्यक अध्ययनपछि सबै रिट दर्ता गरिएको सर्वोच्च प्रशासनले जनाएको छ। सर्वोच्च प्रशासनका अनुसार दर्ता गरिएका सबै ९ रिटहरू संवैधानिक इजलासमा तोकिएको छ ।

# 'सत्ताच्युत भएकाहरूबाटै सुरक्षा चुनौती थपियो'



बुटवल । गृहमन्त्री ओमप्रकाश अर्यालले जेनजी आन्दोलनपछि सरकारबाट बाहिरिएका दलहरुबाटै सुरक्षा चुनौती थपिएको बताएका छन् । बुधबार गृहमन्त्रालय बाहिर पत्रकारसँग कुरा गर्दै गृहमन्त्री अर्यालले देशमा शान्ति सुरक्षा कायम राख्न सरकारले काम गरिरहेको, तर अपदस्थ भएकाहरुबाटै सुरक्षा चुनौती थप्ने गतिविधि भइरहेको बताएका हुन् । 'राष्ट्रिय सुरक्षामा चुनौती थप्ने खालका गतिविधिहरु कहिँ कतैबाट भएका छन् । जो अपदस्थ भएका थिए, त्यहाँबाट भएका छन् । त्यसलाई हामी निगरानी गरेर सुरक्षा दिन्छौं । निगरानी गर्नुपर्ने तत्वहरु को हुन् भन्ने थाहा पाएका छौं हामीले ।'-गृहमन्त्री अर्यालले भने ।

केपी ओलीप्रति संकेत गर्दै अर्यालले विद्रोहले जसलाई विस्थापित गरेको थियो, उनीहरुलाई सुशासन दिन नसकेको कारणले, कुशाशन गरेको कारणले यो परिस्थिति आएको थियो भन्ने बोध हुनुपर्ने बताए ।

'यसमा हामी क्षमा माग्छौं, स्टेपडाउन हुन्छौं । पार्टीमा अरु पनि योग्य मान्छे छन्, उनीहरुलाई नेतृत्व दिन्छौं । हामी स्थितिलाई सामान्यीकरण गर्छौं भनेर सोंच्नु पर्ने थियो । तिनीहरु नै अहिले डुक्रिन थालेका छन्', अर्यालले भने-'यो क्रान्तिपछि बनेको सरकार हो, हेक्का रहोस् । सुशासनका लागि के-के गर्नुपर्छ गर्छ । सुशासनका लागि विद्रोह भएपछि हामीले छाड्छौं ? सुशासन गर्दै जाँदा कोही भ्रष्टाचारीहरु कानुनको दायरामा आउन पनि सक्छन् ।'

चुनावको माहोल भएन, सुरक्षा भएन भनेका छन् दलहरुले भन्ने पत्रकारको प्रश्नमा अर्यालले मापदण्डविपरीत लगेका सुरक्षाकर्मी फिर्ता गरेका कारण यस्तो भनेको आरोप लगाए ।

'जसले सुरक्षाकर्मी दूरुपयोग गरिरहेका थिए, हामीले फिर्ता लियौं । अब बल्ल राज्य भएको महसुस गर्नुहुन्छ, उहाँहरुले । सरकार भएको महसुस गर्नुहुन्छ । बर्दीधारीलाई लगेर घरमा भान्छे बनाउनु भएको थियो । त्योभन्दा अरु काममा पनि लगाउनु भएको थियो । ड्राइभर अर्के खोज्नु पर्थ्यो, ड्राइभरलाई दिने पैसा बचाउनलाई पीएसओ लगेर ड्राइभर बनाउनु भएको थियो', अर्यालले भने-'शान्ति सुरक्षा भएन भन्नु भएको त्यो मानेमा भन्नु भएको रहेछ ।'

यदि शान्ति सुरक्षा छैन, व्यक्तिगत रुपमा कसैलाई थ्रेट छ भने निवेदन हाल्न पनि उनले भनेका छन् ।

निवेदनपछि सुरक्षा चुनौती विश्लेषण गरेर मन्त्रालयले चाँडोभन्दा चाँडो निकास दिने उनले बताए ।

आमरुपमा सुरक्षा गरिरहेको, जेनजी आन्दोलनकारीले भत्काएका प्रहरी पोष्टहरु पुनःस्थापना गरेको उनको भनाइ छ । भागेका कैदीबन्दीहरू नियन्त्रणमा लिने, हतियारहरू पनि फिर्ता गर्ने र फिर्ता भएनन् भने अप्रेसन नै चलाउने गृहमन्त्री अर्यालले जानकारी दिए ।



# सम्पादकीय

## बजार अनुगमन नियमित गर

संविधानले पालिकाभित्रको बजार अनुगमन गर्ने जिम्मेवारी स्थानीय तहलाई दिएको छ । स्थानीय तहको उप-प्रमुख र उपाध्यक्षको नेतृत्वमा अनुगमन समिति हुने व्यवस्था छ । उप-प्रमुख र उपाध्यक्षको संयोजकत्वमा रहने समितिले बजारको नियमित अनुगमन गर्ने जिम्मेवारी पाए पनि स्थानीय तहले अनुगमनलाई बेवास्ता गर्दै आएका छन् । पालिकाभित्रको बजारलाई चुस्त र व्यवस्थित गर्नका लागि अनुगमनको अधिकारलाई प्रयोग गर्न बेवास्ता गरेर स्थानीय तहले अधिकारको दुरुपयोग गरेका छन् ।

पाालिकाले नियमित अनुगमन गर्न नसक्नाका दुई कारण छन् । पहिलो स्थानीय तहमा जनशक्तिको अभाव र अरु कामको चापले बजार अनुगमन प्राथमिकतामा परेको छैन । दोस्रो अनुगमन नियमित गर्दा पालिकाभित्रका उद्योगी व्यापारी भड्किएर चुनावमा असर पुग्ने डर । यी दुई बाहेक कतिपय पालिकामा बजेट व्यवस्थापन भए अनुगमन गर्ने नभए नगर्ने प्रवृत्तिले जनप्रतिनिधिलाई जवाफदेही बिमुख बनाएको छ । जनशक्तिको अभाव र अरु कामको चाप भयो भनेर उम्कनु भनेको बजार अनुगमन जस्तो संवेदनशील विषयमा पन्छिनु नागरिकप्रति गरेको चरम लापरबाही हो । बजारमा म्याद नाघेका, गुणस्तरहिन अखाद्य वस्तु हुनसक्छन्, वस्तु तथा सामानको तोकेको मूल्यभन्दा बढी व्यापारीले असुली गर्नसक्छन् । यी विषय उभोक्ता अधिकारसँग सम्बन्धित छन् । पालिकावासीलाई तत्काल प्रभाव पार्ने काम गर्न पालिका नेतृत्व पन्छिनु भनेको जनप्रतिनिधिको गैरजिम्मेवार रवैया हो । नियमित अनुगमन गर्दा कारबाहीमा पर्ने उद्योगी व्यापारी भड्किए पनि अन्ततः पालिकावासीले राम्रै मान्छन्, तर उद्योगी व्यापारी भड्किदा पर्ने जोखिमले अनुगमन प्राथमिकतामा परेको छैन् । अर्कोतर्फ बजार अनुगमनको काम विनियोजन भएको बजेट सक्नका लागि मात्रै गर्ने प्रवृत्तिले स्थानीय तहलाई झनै बदनाम बनाएको छ । हरेक स्थानीय तहले न्यून बजेट विनियोजन गर्ने गर्छन्, त्यही बजेट सकिएपछि बजार अनुगमन भएको पाइदैन । अनुगमनमा सहभागीलाई भत्ता हुञ्जेल गर्ने र भत्ता दिन सक्ने अवस्था नभए नहुने प्रवृत्तिले जनप्रतिनिधिको बदनाम बनाएको छ । अुनगमन नियमित काम हो । पालिकाभित्र अनुगमन गर्दा भत्ता खोज्नै पर्ने किन ? नागरिकको हितका लागि गर्ने कतिपय काम दैनिक भ्रमण भत्ताभन्दा महत्वपूर्ण हुन्छन् भन्ने चेत कहिले आउला जनप्रतिनिधिमा ?

बुटवल, सिद्धार्थनगर, तिलोत्तमालगायत स्थानीय तहमा नियमित बजार अनुगमन गर्न दैनिक भ्रमणभत्ता आवश्यक पर्छ ? यातायातको सहज पहुँच भएका र सहजै अनुगमन गर्न सकिने बजार क्षेत्रमा बजेट नै नभए पनि अनुगमन हुनुपर्छ । पालिकाले बजार अनुगमन गर्न बेवास्ता गर्ने हो भने बजारमा चरम लापरबाही हुनेछ, जसको असर नागरिकलाई पर्छ । नियमित अनुगमन गरेर पालिकाले संविधानले प्रबन्ध गरेको अधिकारको प्रयोग गर्नुपर्छ । संविधानको कार्यान्वयनसँग सम्बन्धित विषय भएकाले पनि स्थानीय तहलाई दिएको अनुगमनको विषय प्रभावकारी भयो भन्ने सन्देश प्रवाहका लागि पनि नियमित अनुगमन गर्नु राम्रो हो ।

# किन आवश्यक छ ओलीको नेतृत्व ?



टेकराज पौडेल

*जेनजी छोराछोरीहरुले नै नेतृत्व लिएको भए एउटा कुरा हुन्थ्यो, तर उहाँहरुको आन्दोलन कसकसले हाइज्याक गरे भन्ने कुरा त बिस्तारै खुल्दै पनि छन । म ओलीलाई जेल हाल्न सरकार आतुरमा छ । के गरौं के नगरौं ! छानबिन आयोगकै प्रतिवेदन न आउँदै सरकारले यो बाहिर बस्यो भने समस्या हुन्छ भन्ने डरले भित्र लान षड्यन्त्र भैरहेको छ । मलाई यहाँ रहन स्थानीय सुरक्षा पनि एउटा फ्याकटर होला, तर राज्यले पक्राउ गर्न सक्ने नैतिक बल यो सरकारसँग छैन । अझ कुरा क्लियर पार्दै भन्नु भयो कि -भोली पनि जवाफ दिन पर्ला नि ! सुप्रीम कोर्टको प्रभावशालि चिफ जस्टिस प्रधानमन्त्री भएको बेला हो ।*

तिहार र छठ पर्वपछि सिङ्गो नेपालीहरु सडकमा आउने र संसद पुनर्स्थापनाको माग गर्दै प्रधानमन्त्रीमा केपी शर्मा ओलीलाई स्थापना गर्ने परिस्थिति निर्माण हुने भएको छ । पहिलो कुरा वर्तमान सुशीला कार्कीको सरकार नेपालका सम्पूर्ण राजनैतिक दलहरुको दबाब र शक्ति धान्न सक्ने स्थितिमा रहँदैन । दोश्रो यो सरकारले कुनै हालतमा पनि चुनाव गर्न नचाहने र नसक्ने भएपछि स्वयम् पार्टीहरुको तर्फबाट न्यायालय पुगेको मुद्दाको पनि न्यायिक बहश र फैसलामा विगतमा स्थापित नजिर नै काफी छ ।

गुण्डु भक्तपुरमा एक कार्यकर्ताको घरमा एक साताअघिदेखि बस्दै आउनु भएका निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले गत आश्विन २३ -२५ मा आफ्नो पार्टी नेकपा एमाले केन्द्रीय सचिवालयको बैठकबाट समेत वर्तमान सरकारको निर्वाचन गर्ने रटान फगत सरकारको आयु लम्बाउने रहर मात्र हो । सरकार कुनै हालतमा चुनाव नहुने मात्र होइन नगर्ने तत्वहरुको घेराउमा छ भन्ने स्पस्ट पार्दै नहुने र नगरिने चुनावको कार्यनीतिमा प्रवेश नै नगरी एमाले पार्टीभित्रको नेतृत्व निर्माणको उठेको बहशलाई आगामी महाधिवेशनमार्फत् किनरा लगाउने गरी निर्णय गरेको छ । २०८३ मंसिरमा हुने नियमित एघारौं अधिवेशन ८२ मंसिर अन्तिम साता गराउने गरी त्यसको अनुमोदन र तयारीको लागि २९/३० असौजमा महाअधिवेशनमा केन्द्रीय समितिको बैठक आह्वान भएको छ ।

**के एमाले एक्लै आन्दोलनमा जाला त ?**

जेनजी आन्दोलनका कारण उत्पन्न परिस्थितिबिच गत एक हप्ताअघि सार्वजनिक हुनु भएका निवर्तमान प्रधानमन्त्री तथा एमाले अध्यक्ष केपी शर्मा ओलीलाई भेट्न नेपाली काङ्ग्रेसका ६ जना केन्द्रीय सदस्य ओली निवास पुग्नु भएको थियो । अघिल्लो दिनको सचिवालय बैठकको धपेडीले दोश्रो दिन अस्वस्थ महशुस गरेर बैठक स्थगित गर्दै कसैलाई नभेट्ने वाचा गरेर बस्नु भएका ओलीले नेपाली काङ्ग्रेसका नेताहरु एक्कासी भेटघाटको लागि आएपछि उहाँहरुसँगको एक घण्टाको कुराकानी गर्नु भयो । भेटमा भएका कुराकानीबाट उहाँको अस्वस्थता छिन भरमै हरायो । उहाँको मनस्थिति र फेस आधा घण्टामै फरक परेको आभास यो पङ्तिकारसँगको करिब २५ मिनटको भेटघाटबाट पनि झल्किन्थ्यो ।

अध्यक्ष केपी शर्मा ओली र काङ्ग्रेसका ६ जना केन्द्रीय समितिका नेताहरुबिचको कुराको निचोड के थियो र यसले नेपालको वर्तमान राजनीतिमा के अर्थ र प्रभाव देखिएला भन्ने कुराले विशेष अर्थ राखेता पनि पार्टी सचिवालयको बैठक स्थगित गरेर आराम गर्न बाध्यता र मुडमा रहनुभएका अध्यक्ष ओलि कसरी र कुन सन्दर्भले बाँकी दिन भरी फ्रेस मुडमा देखिनु भयो भन्ने कुरा पनि मान्छेहरुलाई चलाएमान हुनअघि बढ्न केही आषा र सन्दर्भहरु प्रभावित बन्न सक्ने हुँदा रहेछन् । 'उहाँहरुबिच के कुरा भयो भन्नेबारे छलफल हुने कोठामा जान पाउने एक सदस्यले बाहिर के कुरा गर्न आएका होलान भन्ने सन्दर्भ चल्यो,' उनले भने -'एक जनाले यति छिटो भेट हुन सकिएला भन्ने लागेको थिएन । तपाईंलाई अपदस्थ गरेपछि देश लामो समयसम्म लयमा फर्काउन सकिंदैन भन्ने लागेको थियो । अपदस्थ भएको प्रधानमन्त्रीले यति छिटो यसरि सकृयता देखाउनु होला भन्ने लागेको थिएन ।' धैर्यसँग छ जनाले परिचयसहित आ-आफ्ना कुरा राखेपछि आफूलाई भेट गर्न आएकोमा धन्यवाद दिँदै जेनजी आन्दोलनको उथ्थान, आन्दोलनको परिस्थिति अवस्था र यसले लिएको त्रासमय वातावरणबारे व्याख्या गर्दै भन्नु भयो मैले ति १९ जना बालबालिकाको मृत्यु कसरी भयो ? भन्नेबारे गृहमन्त्रीलाई मन्त्रिपरिषद्कै बैठकमा जवाफ मागे । जवाफ दिनुको सट्टा उहाँ राजीनामा दिएर हिंड्नु भयो । मैले सरकारका सबै जिम्मेवार पक्षलाई सोधे कोही पनि मुख फोरेर भन्न तयार छैन । १९ जना नातिनातिना उमेरका जेनजी जसरी मारिए पनि म त सबैको अभिभावक हुम त्यसको जिम्मेवारी त कसै न कसैले त लिनु पर्यो ! त्यस अवस्थामा म होपलेस भए । स्थितिलाई नियन्त्रणमा लिएर शान्ति कायम गर्नु पर्ने राज्यको दायित्व पनि थियो । मैले सुरक्षा निकायका अधिकारीहरुसँग पनि उहाँहरुको के-कस्तो योजना भिजन र तरिका छ भन्ने कुरातर्फ पनि ध्यान दिए । उहाँहरुलाई पनि केपी ओली नै अर्घेल्याई हो भने वैकल्पिक नेतृत्व काङ्ग्रेस नेता शेरबहादुर देउवाजीलाई जिम्मा दिने स्तरको कुरा चल्दा चल्दै परिस्थिति गम्भीर भयो । आफ्नो पनि ज्यान जोखिम देखे । आफ्नै अघि सरकारका तमाम महत्त्वपूर्ण खजना जलेको टुलुटुलु हेरेर बस्नुको विकल्प भएन । बोल्दा बोल्दै बिचमा भावुक हुनु भएका बेला एक सहभागीले महेश बस्नेतको सन्दर्भ जोड्नु भयो, बस्नेत जी हिम्मतिलो हुनुहुँदोरहेछ । हुन त २०६३/०६४ साल तिर वाइसियललाई ठेगाना लगाएको मान्छे पनि हो । पछि माओवादीले आफ्ना विरोधिलाई बदनाम गर्न महेश जीलाई गुण्डा पनि भने, २१ वर्षको उमेरमा भक्तपुर जस्तो राजनीतिक चेतना भएको राजधानीभित्र गुन्डाले होइन जन प्रिय मान्छे नभै चुनाव जित्न कहाँ सम्भव छ र ! महेश बस्नेतको प्रसंशा सुनेपछि ओलीको मुहार अलि नै चम्किलो भयो । 'तपाईं पनि हिम्मतिलो मान्छे हुनुहोदोरहेछ, एउटा मान्छेको विश्वासमा परेर खुला हुनु भयो ! ओलीले भने -जेनजी छोराछोरीहरुले नै नेतृत्व लिएको भए एउटा कुरा हुन्थ्यो, तर उहाँहरुको आन्दोलन कसकसले हाइज्याक गरे भन्ने कुरा त बिस्तारै खुल्दै पनि छन । म ओलीलाई जेल हाल्न सरकार आतुरमा छ । के गरौं के नगरौं ! छानबिन आयोगकै प्रतिवेदन न आउँदै सरकारले यो बाहिर बस्यो भने समस्या हुन्छ भन्ने डरले भित्र लान षड्यन्त्र भैरहेको छ । मलाई यहाँ रहन स्थानीय सुरक्षा पनि एउटा फ्याकटर होला, तर राज्यले पक्राउ गर्न सक्ने नैतिक बल यो सरकारसँग छैन । अझ कुरा क्लियर पार्दै भन्नु भयो कि -भोली पनि जवाफ दिन पर्ला नि ! सुप्रीम कोर्टको प्रभावशालि चिफ जस्टिस प्रधानमन्त्री भएको बेला हो ।

सहभागी एक जनाले अन्तिम तिर बोले -प्रधानमन्त्री ज्यू हामीले पार्टी सभापति देउवाजीलाई भेट्यौ ! वहाँ अझै बोल्न सक्ने स्थितिमा हुनुहुन्न । आफूलाई प्रधानमन्त्री र आगामी काङ्ग्रेस सभापतिको दाबा गर्ने गगन थापाज्यूलाई भेट्यौ उहाँ गौडा ढुकेर बस्नु भएको छ । देउवालाई विस्थापित गर्ने उपर्युक्त मौका यही हो भनेर बस्नु भएको छ । एक्लै आफ्नै पार्टीको यस्तो बेला राजीनामा माग गर्दा कर्नरमा परिन्छ भनेर होला सायद इतर पार्टी एमाले र माओवादीको पार्टी अध्यक्षको राजीनामा पो मागेको दुनियाँले देख्या छ । शेखर दाइकोमा गएर अब तपाईंले लिडिङ्ग रोल गरिदिनु पर्यो । कोइराला खानदानको विरासत हजुरमा छ । अप्ठ्यारोमै बीपीले राजनीति गरेकोले आज बीपीको एउटा इतिहास बनेको छ ! उहाँ पनि लिड गरेर जाने मनस्थितिमा हुनुहुन्न । काङ्ग्रेस इतिहासमा यति अप्ठ्यारो अवस्थामा कहिल्ले थिएन ! के गर्ने कसो गर्ने भन्ने हाम्लाई छटपटी लागेको छ २००७ /२०४६ / २०६२/०६३ सालको आन्दोलनको नेतृत्व काङ्ग्रेसले गर्यो र काङ्ग्रेस नेता भयो, अब ०८२ को अराजकतालाई तह लगाइने क्षमता र दृस्ठिकोण तपाईंसँग छ । तपाईं जत्तिको टावोर प्रर्सालिनिटी भएको मान्छेको नेतृत्वमा हामी सहभागी हुन्छौ । एमालेको संसद पुनर्स्थापनाको मुद्दालाई पार्टी निर्णय गर्दै छ रे भनेर बाहिर आएको छ । यो मुद्दा सही छ र काङ्ग्रेस पनि ढिला चाँडो यो नै एजेन्डामा जानै पर्दछ भन्दै बिदा भए भन्ने जानकारी पाइयो ।

# मिर्गौलाको पत्थरी निकाल्न प्रभावकारी उपचार विधिहरू

डा. वेश अन्सारी

**मिर्गौलाको पत्थरी के हो ?**

मिर्गौलाको पत्थरी भनेको मिर्गौलाभित्र क्याल्सियम, युरिक एसिड, फस्फेट वा अन्य खनिज पदार्थहरू जम्मा भएर बन्ने कडा दाना वा ढुंगाजस्तो संरचना हो । यी पत्थरीहरू साना दानादेखि ठूला आकारसम्म हुन सक्छन् र कहिलेकाहीँ मूत्र नलीमार्फत् बाहिर निस्कन नसक्दा तीव्र दुखाई र अन्य समस्या उत्पन्न गर्छन् ।

**मिर्गौलामा पत्थरी कसरी हुन्छ ?**

शरीरमा पानीको कमी, अत्यधिक नुन वा प्रोटिनयुक्त खाना, वंशाणुगत कारण, मिर्गौलाको रोग वा युरिनमा रासायनिक असन्तुलन हुँदा पत्थरी बन्न सक्छ । पर्याप्त मात्रामा पानी नपिउँदा युरिन गाढा हुन्छ र खनिज पदार्थहरू क्रिस्टल भएर जम्न थाल्छन्, जसले पत्थरीको रूप लिन्छ ।

**कस्ता–कस्ता लक्षण देखा पर्छन् ?**

सामान्यतया ढाड, कम्मर वा पेटको दायाँ-बायाँ भागमा तीव्र दुखाई हुन्छ । पिसाब गर्दा पोल्ने वा रक्तमिश्रित पिसाब निस्कन्छ । यदी पत्थरी पिसाब नलीमा छ भने पिसाब गर्न समस्या हुने पनि हुन्छ । यसैगरी, पटक-पटक बान्ता हुने, बारम्बार पिसाब लाग्ने, शरीरमा ज्वरो वा कमजोरी महसुस हुनु मिर्गौलाको पत्थरीको संकेत हुन् ।

**मिर्गौलाको पत्थरीको उपचार विधि**

मिर्गौलामा बन्ने पत्थरीको उपचार पत्थरीको आकार, स्थान, प्रकार र लक्षणको गम्भीरता अनुसार फरक-फरक हुन्छ । साना पत्थरीहरू कहिलेकाहीँ स्वाभाविक रूपमा पिसाबसँगै निस्कन सक्छन् भने ठूला पत्थरीका लागि चिकित्सकीय उपचार आवश्यक पर्छ । यदि पत्थरीको आकार ५ मिलिमिटरभन्दा सानो छ भने यसलाई प्राकृतिक रूपमा निस्किन मद्दत गर्न सकिन्छ । दिनमा कम्तीमा ३-४ लिटर पानी पिउँदा पत्थरी पिसाबमार्फत् बाहिर निस्कन सजिलो हुन्छ । औषधि सेवन गरेर पनि सानो पत्थरी निकाल्न सकिन्छ । यसका लागि अल्फा ब्लकर औषधि पिसाब नली फराकिलो पार्न सहयोगी हुन्छ । तर, यी औषधिहरू चिकित्सकीय सिफारिसमा मात्र लिनु पर्छ । यस्तै चिकित्सकले सिफारिस गरेका पत्थरी पगाल्ने औषधिहरू पनि सहयोगी हुन्छ ।

**इएसडब्लूएल**

यो एक बिना चिरा लगाइने आधुनिक उपचार हो । उच्च आवृत्तिका ध्वनि तरङ्ग प्रयोग गरेर पत्थरीलाई स-साना टुक्रामा तोडिन्छ । ती टुक्रा पिसाबमार्फत् बिस्तारै बाहिर निस्कन्छन् । सामान्यतया १ से.मि. भन्दा साना पत्थरीमा यो विधि प्रभावकारी हुन्छ ।

**आरआइआरएस**

यदि पत्थरी मिर्गौलाबाट झरेर पिसाब नलीमा अड्किएको छ भने यो विधि प्रयोग गर्न सकिन्छ । डाक्टरले पिसाबको बाटो हुँदै नामक उपकरण हाल्छन् । पत्थरी देखिएपछि लेजरको मद्दतले टुर्क्याएर निकालिन्छ । यसमा बिरामीको शरीरमा कुनै पनि प्रकारको शल्यक्रिया गर्नु पर्दैन । र बिरामी केही दिनमै सामान्य जीवनमा फर्किन सक्छन् ।

त्यसैगरी, आरआइआरएस विधिबाट पनि मिर्गौलाको पत्थरी निकाल्न सकिन्छ । यो विधिमा युआरएस जस्तै आरआईआरएस स्कोप मुत्रथैलीबाट मिर्गौलासम्म हालेर



लेजर प्रविधिले पत्थरीलाई सानो बालुवाको आकारमा टुक्राइन्छ । त्यसपछि ती टुक्राहरु आफैं मुत्रनलीबाट पिसाब सँगसँगै बगेर जान्छन् । यो विधिबाट २ सेमिसम्मको पत्थरीको उपचार गर्न सकिन्छ । आरआइआरएस विधिको फाइदा भनेको शरीरलाई चिर्ने वा प्वाल पारिरहनु पर्दैन । बिरामी शल्यक्रिया गरेको भोलीपल्टै डिस्चार्ज गरी घर जान सक्छन् । र आफ्नो दैनिकीमा फर्कन सक्छन् । यसलाई लेजर स्टोन सर्जरी पनि भनिन्छ । यो विधि अहिलेको अत्याधुनिक उपचार विधि हो ।

**पिसिएनएल**

यो ठूला वा गहिरा पत्थरीका लागि प्रयोग हुने विधि हो । यसमा ढाडको भागमा सानो चिरा पारेर विशेष ट्यूबमार्फत् क्यामेरा र उपकरण हालिन्छ । त्यसपछि पत्थरी टुर्क्याएर वा पुरै निकालिन्छ । सामान्यतया २ से.मि. भन्दा ठूला पत्थरीका लागि यो विधि अपनाइन्छ । तथापि, पछिल्लो समय नेपालमा मात्र हैन विश्वभर पिसिएनएल विधिलाई परिमार्जन गरी मिनी वा अल्ट्रा मिनी पिसिएनएल विधिबाट पत्थरी निकाल्ने गरिन्छ ।

त्यस्तै, कहिलेकाहिँ ओपन सर्जरीबाट पनि मिर्गौलाको पत्थरी निकालिन्छ । यसमा मिर्गौलामा ठूलो चिरा पारेर प्रत्यक्ष रूपमा पत्थरी निकालिन्छ । ठूलो वा जटिल पत्थरीका लागि अन्तिम विकल्पका रूपमा मात्र प्रयोग गरिन्छ । यसले बिरामीलाई लामो समय अस्पतालमा बस्नुपर्ने, घाउ निको हुन लामो समय लाग्ने, संक्रमणको जोखिम बढ्ने हुन्छ । र, यो निकै कम गरिने विधि हो ।

**इसिआइआरएस विधि**

यो विधिबाट मिर्गौलाको पत्थरीको शल्यक्रिया गर्दा सुपाइन पिसिएनएल र आरआइआरएस दुवै विधि अपनाइन्छ । मिर्गौलाको जटील पत्थरीको शल्यक्रियाका लागि मात्र यो विधि अपनाइन्छ । यसमा स्ट्यागहर्ड पत्थरी तथा कडा पत्थरीहरु निकालिन्छ । यो विधिमा बिरामीको शरीरमा प्वाल पारेर लेजर विधिबाट पत्थरीलाई फुटाएर निकालिन्छ । यो बिधि स्वासप्रस्वासका बिरामी तथा अत्याधिक मोटोपना भएका बिरामीहरुका लागि अत्यन्त उपयुक्त छ ।

**पिसिएनएल सर्जरीका फाइदाहरु के के हुन् ?**

शरीरमा ठूलो चिरा पारेर शल्यक्रिया गर्नु पर्दैन । शल्यक्रियाका बेला रक्तस्राव कम हुन्छ । ठूला घाउहरू नबनाइने हुँदा संक्रमणको सम्भावना न्यून रहेको छ । भने, बिरामीलाई उपचारपछिको पीडा कम हुन्छ । सँगसँगै अस्पतालमा बसाई छोटो हुने भएकोले बिरामी छिट्टै दैनिक जीवनमा फर्कन सक्छन् ।

यहाँ हामीले बुझ्नु पर्ने महत्वपूर्ण कुरा भनेको युआरएसएल, आरआइआरएस तथा पिसिएनएल यी मध्ये कुनै पनि विधिबाट पत्थरीको शल्यक्रिया गर्दा डिजे स्टेन्ट पाइप राख्नुपर्ने हुन्छ । यो पाइप मार्फत नै पत्थरीको स-साना टुक्राहरु निस्कन मद्दत गर्दछ । यो पाइप चिकित्सकको सल्लाह अनुसार दुई हप्ता देखि ३ महिना सम्म राखेर निकाल्नु पर्ने हुन्छ । बिरामीले आफ्नो शरीर भित्र यो पाइप छ भन्ने चैं बिर्सनु हुँदैन । यदी समयमै यो पाइप निकालिएन भने चैं बिरामीलाई पाइपसँग जोडिएका अन्य समस्याहरु उत्पन्न हुनसक्छन् ।

**अन्त्यमा,**

मिर्गौलाको पत्थरी समयमै पहिचान गरी उपचार नगरेमा गम्भिर जटिलता उत्पन्न हुन सक्छ । आधुनिक आरआइआरएस प्रविधिले अब पत्थरी हटाउने प्रक्रिया सजिलो, सुरक्षित र छिटो बनाएको छ । पर्याप्त पानी पिउनु, नुन र प्रोटिनको सेवन सन्तुलित राख्नु, नियमित स्वास्थ्य परीक्षण र नियमित शारीरिक ब्यायाम गर्नु मिर्गौला स्वस्थ राख्ने मुख्य उपाय हुन् । नेपाल मेडिकल कलेजमा माथी उल्लेखित तीन वटै विधिबाट मिर्गौलाको पत्थरीको शल्यक्रियाका लागि अत्याधुनिक स्वास्थ्य उपकरणसँगै दक्ष तथा अनुभवी युरोलोजिस्टहरू हुनुहुन्छ । स्वास्थ्य खबरबाट

# नेप्से परिसूचक २२.५८ अंकले घट्यो



काठमाडौं । बुधबार सेयर बजारमा कारोबार रकमसँगै नेप्से परिसूचक घटेको छ । अघिल्लो दिनको तुलनामा नेप्से परिसूचक २२.५८ अंक घटेको हो । सो गिरावटपछि नेप्से २५०५ अंकमा झरेको छ ।

कारोबार रकम केही घटेको छ । मंगलबार ३ अर्ब ३६ करोडको कारोबार भएकोमा बुधबार ३ अर्ब १० करोडको भयो ।

४० कम्पनीको मूल्य बढ्दा २०६ को घट्यो भने पाँचको स्थिर रह्यो । म्युचुअल फन्डबाहेक सबै समूहका सूचक घटेका छन् । म्युचुअल फन्ड ०.२४ प्रतिशत बढ्यो । व्यापार सबैभन्दा धेरै २. ०९ प्रतिशत घट्यो ।

बैंकिङ ०.५४, विकास बैंक १.१४, फाइनान्स १.१०, होटल तथा पर्यटन १.०६, हाइड्रोपावर १.१८, लगानी ०.९८, जीवन बिमा ०.७५, उत्पादन तथा प्रशोधन ०.३९, माइक्रोफाइनान्स ०.५६ प्रतिशत घटे । त्यस्तै निर्जीवन बिमा ०.६५ र अन्य समूह १.२२ प्रतिशत घटे ।

समता घरेलु लघुवित्तको मूल्य सबैभन्दा धेरै ६.९३ प्रतिशत बढ्यो । क्रेस्ट माइक्रोलाइफको ३.६२ तथा मातृभूमि लघुवित्तको ३.१३ प्रतिशत बढ्यो । दुई कम्पनीको मूल्य १० प्रतिशत घटेको छ । समाज लघुवित्त र भूगोल इनर्जीको मूल्य १० प्रतिशत घट्यो । मनकामना इन्जिनियरिङ हाइड्रोपावरको ५.८७, पन्चकन्या माइ हाइड्रोको ५.७५ तथा ग्रिन डेभलपमेन्ट बैंकको ५.०२ प्रतिशत मूल्य घट्यो ।

धेरै कारोबार भएका कम्पनीमा नेपाल पुनर्बिमा, हिमालयन रिइन्स्योरेन्स, युनियन हाइड्रोपावर, बुटवल पावर र हिमालयन डिस्टिलरी क्रमशः अगाडि रहे ।

# सचेतनामूलक बजार अनुगमन

**गौरीशंकर जयसवाल**
*परासी*

पश्चिम नवलपरासीमा सचेतनामूलक बजार अनुगमन गरिएको छ । संयुक्त जिल्ला बजार अनुगमन समिति नवलपरासीले जिल्लाको रामग्राम नगरपालिकाको वडा नं. ६ र १० मा रहेका पसलहरूमा सचेतनामूलक बजार अनुगमन गरेको हो ।

तिहार, छठ पर्व नजिकिएसँगै परासीका पसलमा सचेतना जगाउँदै अनुगमन गरिएको घरेलु तथा साना उद्योग कार्यालय नवलपरासीका वरिष्ठ उद्योग अधिकृत मोहन पाण्डेले जानकारी दिए ।

उनको अनुसार चाडपर्वमा हुने सक्ने कालोबजारी तथा उपभोक्ता ठगिने काम व्यपारीहरुबाट नहोस् भन्नेउद्देश्यले बजार अनुगमन गरिएको हो ।

अनुगमनको क्रममा मूल्य सूची नराखेको पाइएको खण्डमा मूल्य सूची राखि बिक्री वितरण गर्न र नविकरण फेल भएका पसल नविकरण गरी सञ्चालन गर्न तथा रेष्टुरेण्ट, मिष्ठान भण्डारहरुमा सरसफाइ नदेखिएकोमा सरसफाइ गरी व्यवसाय सञ्चालन गर्न निर्देशन दिइएको उनले बताए ।

बजार अनुगमनको क्रममा अधिकांश पसलहरुमा म्याद ग्रुजिएको र अखाद्य बस्तु फेला परेको उपभोक्ता हितसंरक्षण निर्देशनालय भैरहवाका उप-निर्देशक पुष्पराज पाण्डेले जानकारी दिए । खाद्यबस्तु म्याद गुज्रेको र जुसहरु म्याद ग्रुजिएको पाइएको र अखाद्य बस्तुहरु नियन्त्रणमा लिई नष्ट गरिएको पाण्डेले जानकारी दिए ।

किराना पसल, मिष्ठान भण्डार होटल रेष्टुरेण्ट तथा मासु पसललगायतको १८ वटा पसलमा अनुगमन गरिएको घरेलु तथा साना उद्योग कार्यालय नवलपरासीका उद्यम सहजकर्ता मनोजकुमार चौधरीले बताए ।

उभोपक्ता हित संरक्षण निर्देशनालय भैरहवा तथा संयुक्त जिल्ला बजार अनुगमनको टोलीले रामग्राम वडा नं. ६ पोखरापाली र वडा नं. १० मंझारियास्थित रहेका पसलहरुमा अनुगमन गरेको थियो ।

जिल्ला प्रशासन कार्यालयका प्रतिनिधि, उभोपक्ताहित संरक्षण निर्देशनालय भैरहवा, घरेलु साना उद्योग कार्यालय, उपभोक्ता हित संरक्षण मञ्च जिल्ला प्रहरी कार्यालय, जिल्ला प्रहरी कार्यालय नवलपरासीका प्रतिनिधिलगायतको टोलीले अनुगमन गरेको थियो ।

# बाख्रा पाल्ने कृषकलाई खोर निर्माणमा अनुदान

स्याङ्जा । स्याङ्जाको वालिङ नगरपालिकाका बाख्रापालक कृषकहरु खोर निर्माणमा अनुदान पाएपछि उत्साहित भएका छन् । बाख्रापालक कृषकको क्षमता वृद्धि र उत्पादन वृद्धि गर्न नगरपालिकाले खोर निर्माणमा अनुदानको व्यवस्था गरेपछि उनीहरु उत्साहित भएका हुन् ।

वालिङ नगरपालिकामा सञ्चालित “वालिङ कृषि विकास परियोजना” अन्तर्गत बाख्राको खोर निर्माण गरिएको छ । साना किसान तथा महिलालाई उद्यशीलतामा जोड्ने उद्देश्यले सुरु भएको कार्यक्रममार्फत् कृषकले अनुदानमा खोर निर्माण गरेका हुन् । कृषकले खोर निर्माणमा नगद ३० हजार अर्थात कुल लागतको ५० प्रतिशत अनुदान पाएको परियोजनाले जनाएको छ ।

नगरपालिकाका वडा नं.-१, २, ३, ४, ५, ६ र ७ का कृषकहरुले अनुदानमा बाख्राको खोर निर्माण गरेका छन् । वडा नं. ६ का स्थानीय बाख्रापालक कृषक सीता कामीले अनुदानमा खोर निर्माण गर्न पाएपछि आफूहरु उत्साहित भएको बताइन । अनुदानमा आधुनिक तथा व्यवस्थित खोर निर्माणपछि बाख्रा पालनप्रति स्थानीय कृषकको आकर्षण समेत बढेको छ ।

बाख्रापालनको लागि राम्रो वातावरण भएको वालिङ नगरपालिकामा ९० वटा आधुनिक खोर निर्माण गरिएको नगरपालिकाका पशुसेवा शाखा प्रमुख डाक्टर रोशन बस्यालले जानकारी दिए । आधुनिक खोर निर्माणले बाख्रापालक कृषकलाई सहज भएको उनले बताए । सुविधा सम्पन्न खोरमा बाख्रापालन गर्दा रोगको सङ्क्रमण कम हुनुको साथै उत्पादन र उत्पादकत्व वृद्धि हुने डाक्टर बस्यालले सुनाए ।

बाख्रापालनलाई व्यवसायिक बनाउँदै उत्पादन बढाउने उद्देश्यले आधुनिक खोर निर्माण गरिएको वालिङ नगरपालिकाका प्रमुख कृष्ण खाँणको भनाइ छ । निर्वाहमूखी कृषि प्रणालीमा परिवर्तन ल्याउने पालिकाको योजना अनुरुप काम भइरहेको

## फिनल्याण्डको बसोबास अनुमति-पत्र (Residence Permit card) हराएको सूचना ।

मेरो निम्न विवरण भएको फिनल्याण्डको बसोबास अनुमति पत्र ( Residence Permit Card) यही मिति २०८२।०६। २८ गते 15 Oct 2025 काठमाण्डौं देखि खुन्सा (रुपन्देही) जाने क्रममा हराएको हुँदा फेला पार्नेहुने महानुभावहरुले निम्न ठेगानामा खबर गरिदिनुहुन वा नजिकको प्रहरी कार्यालयमा बुझाइदिनुहुन अनुरोध गर्दछु ।

**नाम :** विकास बस्याल
**ठेगाना :** ओमसतिया-१, खुन्सा, रुपन्देही
**देश :** फिनल्याण्ड (Finland)
**कार्डको प्रकार:** Residence Permit Card
**सम्पर्क नं.:** +9779761577429

## शिलबन्दी बोलपत्र स्वीकृत गर्ने आशयको जानकारी सम्बन्धमा

(प्रथम पटक प्रकाशन मितिः २०८२/०६/३० गते

प्रस्तुत विषयमा यस सामुदायिक वन उपभोक्ता समुहबाट आ.ब. २०८१/०८२ मा संकलित काठदाउरा लिलाम बिक्रि गर्ने संवन्धी मिति २०८२/०३/०३ मा लुम्बिनि दैनिक राष्ट्रिय पत्रिकामा प्रकाशित २१ दिने सुचना बमोजिम ३ वटा लट कायम गरिएको काठदाउराको बोलपत्र खरिद गरि दाखिला गर्ने अन्तिम समायवधीभित्र पर्न आएका रितपुर्वकका शिलबन्दि बोलपत्रहरु प्रतिनिधीहरुको रोहबरमा मितिः २०८२।०३।२६ गते यस समुहमा खोलिएकोमा यस समुहबाट गठित मूल्याङ्कन समितिबाट परिक्षण तथा मूल्याङ्कन हुँदा देहायका फर्मबाट पेश हुन आएका बोलपत्रहरु सारभूत रुपमा प्रभावग्राही भई यस समुहको मितिः२०८०।०५।२० गतेको निर्णय अनुसार सदर गर्ने निर्णय भएकोले सार्वजनिक खरिद ऐन, २०६३ र नियमावली २०६४ को प्रयोजनको लागि बोलपत्र सदर हुने व्यहोराको आशय सम्बन्धित सवैमा जानकारीको लागि यो ७ (सात) दिने सुचना प्रकाशन गरिएको छ ।

**देहायः**

| लट नं. | बढी सकार गर्ने प्रमुख ३ वटा फर्म/कम्पनीको नाम, ठेगाना | कायम न्यूनतम अंक रु. | सकार रकम | सकारको तुलनात्मक अवस्था | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्वाणगंगा फर्निचर तथा काष्ठ उद्योग, बाणगंगा ७, कपिलवस्तु | २३७८०५७/- | ३९७५,०००/- | पहिलो | सदर |
| | दिक्षा सःमिल, बुटवल १९, रुपन्देही | | ३७२७५००/- | दोश्रो | |
| | ईमान सःमिल, सैनामैना ६, रुपन्देही | | ३६११११११/- | तेश्री | |
| २ | आदिशक्ति सःमिल तथा फर्निचर उद्योग, गढवा ७ देउखुरी | २८३९२४५/- | ५३११९२६/- | पहिलो | सदर |
| | दिक्षा सःमिल, बुटवल १९, रुपन्देही | | ५१५१५००/- | दोश्रो | |
| | धनन्जय काष्ठ उद्योग, चाँगुनारायण ९, भक्तपुर | | ५०५११००/- | तेश्रो | |
| ३ | कञ्चनजंघा सःमिल तथा फर्निचर उद्योग, संनामैना ११, रुपन्देही | ३१३३०४०/- | ५१५१५००/- | पहिलो | सदर |
| | न्यु सिंह फर्निचर उद्योग, कपिलवस्तु न. पा. ४ कपिलवस्तु | | ५००००००/- | दोश्रो | |
| | संरचना सःमिल, सन्धिखर्क न.पा. २, अर्घाखाँची | | ४८९००००/- | तेश्रो | |

**श्री धिरिखोला सामुदायिक वन उपभोक्ता समुह**
**शितगंगा न.पा. १३, भंगला, अर्घाखाँची ।**

# Ribdikot Rural Municipality

**Khasyauli ,Palpa**

## Invitation for Bids

Date of publication: 16-October-2025

1. Ribdikot Rural Municipality, Khasyauli,Palpa invites electronic bids from eligible bidders for the procurement of works as specified here under.
2. Electronic Bidding Document is available online and can be downloaded from PPMO's website http://www.bolpatra.gov.np/egp, The Bidders have to download the necessary part of bidding documents, prepare their bid and submit electronic bids as specified in the Instructions to Bidders. The Bidder shall be required to deposit the non-refundable fee as specified below and electronic scanned copy (pdf format).
**Information to deposit the cost of Bidding Document in Bank:**
**Name of the Office: Ribdikot Rural Municipality, Khasyauli ,Palpa**
**Name of Bank: Nic Asia Bank Ltd ( Harthok BranchPalpa)**
**Office Account no: 0902050029116002 (ANTARIK RAJASWA KHATA)**
3. Bids must be submitted electonically before respective dates. Bids received after this deadline will be rejected.
4. The bids will be opened in the presence of Bidders representatives who choose to attend at respective date and time at the office of Ribdikot Rural Municipality, Khasyauli , Palpa .
5. Bids must be valid for a period of (A/C to bid documents) days counting from the day of bid opening and must be accompanied by bid security amounting as stated below deposited at (GA 3 – DHARAUTI KHATA-RIBDIKOT GAUPALIKA), A/CNo.:090CA50023041004) on behalf of RibdikotRural Municipality, Khasyauli , Palpa ,or online bid must be valid security for a period of 45 days SQ counting after the of bid opening and must be accompanied by bid security, which shall be valid for minimum 30 days beyond the bid validity period.The scan copy of bid security should be uploaded in e-GP system during bid submission.
6. Matters not covered in this notice shall be treated in accordance with PPA-2063 and PPR- 2064 (with their revisions).
7. Incaseof confusion contact on 9847487945,9857075307 within office hours.The name, identification number and other details of the contract are as follows:

| SN | Contract Name | Identification No. | Estimated Amount inclusive of VAT | Bid Document Fee (NRS) | Bid security Amount (NRS) | Last Date of Bid Submission | Bid Opening Date | Mode |
|---|---|---|---|---|---|---|---|---|
| 1 | Supply and delivery of medicine and surgical items of Ribdikot Rural Municipality. | RRM/SQ/ GOODS-4 /2082/83 | 1787958.6 | 1,000.00 | 45,000.00 | 02/11/2025 12:00 | 02/11/2025 12:00 | Online |

Chief Administrative Officer

# कावासोती नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**शिवमन्दिर, नवलपरासी(व.सु.पू.)**

## कावासोती नगरपालिकाको औषधि खरिद सम्बन्धी शिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८२/०६/३०**

यस कावासोती नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाहरुको लागि आबश्यक पर्ने निशुल्क वितरणको औषधि खरिद गर्नुपर्ने भएकोले तपशिल बमोजिमको शर्तहरुको अधिनमा रहि ईजाजत प्राप्त ईच्छुक औषधि कम्पनी बिक्रेता तथा सप्लायर्सहरुबाट यो सूचना प्रकाशित मितिले २०८१/०७/१४ गते सम्म शिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

१. शिलबन्दी दरभाउपत्र खरिद गर्न आधिकारिक निवेदनका साथ निम्न कागजातहरु अनिवार्य रुपले समावेश गरी तोकिएको म्यादभित्र यस कार्यालयमा दर्ता गर्नुपर्नेछ (क) औषधि व्यवस्था विभागबाट प्राप्त ईजाजत पत्रको प्रतिलिपि (ख) मु.अ.कर मा दर्ता भएको प्रमाण-पत्रको प्रतिलिपि (ग) आ.व. २०८१/०८२ सम्म कर चुक्ता भएको प्रमाण-पत्रको प्रतिलिपि (घ) फर्म वा व्यवसाय दर्ता प्रमाण-पत्रको प्रतिलिपि (ड.) स्व घोषणा पत्र (७) यस कार्यालयको राजस्व खाता नं. ३२००१००३०१०१००० मा ३०००/- तिरेको (फिर्ता नहुने गरी) बैंक भौचर पेश गर्नुपर्नेछ ।
२. रितपुर्वक खरीद भएका शिलबन्दी दरभाउपत्र यो सूचना प्रकाशित भएको मितिले २०८२/०७/१४ गते दिनको १२ बजे सम्म दर्ता गरी सक्नुपर्नेछ, सो शिलबन्दी दरभाउपत्र मिति २०८२/०७/१४ गते दिनको १.०० बजे यस कार्यालयमा खोलिने छ, शिलबन्दी दरभाउपत्र दाता वा निजको प्रतिनिधि उपस्थित नभए पनि खोल्न बाधा पर्ने छैन ।
३. रित नपुगेको शिलबन्दी दरभाउपत्र उपर कुनै कारबाही गरिने छैन ।
४. शिलबन्दी दरभाउपत्र खरिद गरिने अन्तिम दिन वा खोलिने दिन सार्वजनिक बिदा परेमा उक्त दिनको भोलिपल्ट सोही समयमा तोकिए अनुसारको कार्य हुनेछ ।
५. शिलबन्दी दरभाउपत्र दाताले कावासोती नगरपालिकाको कार्यालयको राष्ट्रिय बाणिज्य बैंक कावासोतीमा रहेको धरौटी खाता नं.३२००१००३०३००००३ मा धरौटी रकम रु ७३८३१/- ( अक्षेरुपी त्रिहत्तर हजार आठ सय एकतिस) जम्मा गरेको सक्कल भौचर वा सो बराबरको मान्यता प्राप्त बैंकले जारी गरेको कम्तिमा ९० दिन म्याद भएको बोलपत्र जमानत (बिडवण्ड) को सक्कलप्रति पेश गर्नुपर्नेछ ।
६. शिलबन्दी दरभाउपत्र पेश गर्दा रकम अंक र अक्षर दुबैमा अनिबार्य उल्लेख गर्नुपर्नेछ, अंक र अक्षरमा फरक परेमा दररेट महलको अक्षरलाई मान्यता दिइनेछ ।
७. पेश भएका शिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने वा रद्द गर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहनेछ ।
८. खरिद गरिने औषधिको प्रयोग गर्ने अबधि यस कार्यालयको स्टोरमा दाखिला हुँदाका बखत कम्तिमा १८ महिना बाँकी रहेको हुनुपर्नेछ, १८ महिना म्याद हुनेको हकमा कम्तिमा ७५% अवधिबाकि रहेको हुनुपर्नेछ ।
९. शिलबन्दी दरभाउपत्र दाताले आफुले दिन चाहेको औषधिको उत्पादक कम्पनि र उत्पादन भएको मुलुकको नाम प्रस्टसंग उल्लेख गर्नुपर्नेछ ।
१०. शिलबन्दी दरभाउपत्र स्वीकृत भएपछि सम्झौता गर्न आउँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २० को उपदफा ४ (३) अनुसार हुन आउने रकम यस कार्यालय कावासोतीनगरपालिकाको राष्ट्रिय बाणिज्य बैंक कावासोतीमा रहेको धरौटी खाता नं.३२००१००३०३००००३ मा जम्मा गरेको भौचर वा सो रकम बराबरको ठेक्का सर्त रहेको कुनै मान्यता प्राप्त क वर्गको बैंकले जारी गरेको कार्य सम्पादन जमानत (पर्फर्मेन्स ग्यारेन्टी) पेश गर्नुपर्नेछ ।
११. शिलबन्दी दरभाउपत्र दाताले सप्लाई गर्ने औषधि WHO/GMP Certified कम्पनीको हुनुपर्नेछ र ढुवानी तथा अन्य करहरु शिलबन्दी दरभाउपत्र दाता स्वयंले व्यहोर्नुपर्नेछ ।
१२. शिलबन्दी दरभाउपत्रमा उल्लेखित औषधिको परिमाण कार्यालयले आवश्यकतानुसार थपघट गर्न सक्नेछ । थपघट भएता पनि शिलबन्दी दरभाउपत्र दाताले कबोल गरेको दररेटमा परिवर्तन गर्न पाउने छैन । साथै स्वास्थ्य संस्थाको माग अनुसार शिलबन्दी दरभाउ पत्रको स्वीकृत दररेटमा आ.ब. २०८२/०८३ भित्र थप औषधिहरु खरिद गर्न सकिनेछ ।
१३. आफुले सप्लाई गर्ने प्रत्येक औषधिहरु औषधि व्यवस्था विभागमा दर्ता भएको हुनुपर्नेछ, औषधिको प्याकिंग (स्ट्रिप, बोतल) बाहिर औषधिको जेनेरिक नाम, शक्ति, उत्पादन मिति, एस्कपाइरि मिति, ब्याच नं., उत्पादक कम्पनीको नाम र निशुल्क वितरणको लागि वा यो औषधि बिक्रीका लागि होइन भनी प्याकिंगमा स्पष्टसंग उल्लेख भएको हुनुपर्नेछ, सो नलेखिएका औषधिहरु कार्यालयले लिने छैन ।
१४. सप्लाई हुने सबै झोल तथा पाउडर औषधीहरु प्लास्टिक बोतलमा प्याकिंग भएको हुनुपर्नेछ ।
१५. शिलबन्दी दरभाउपत्र साथ पेश गर्ने कागजातको प्रतिलिपिहरु प्रचलित कानुन अनुसार प्रमाणित भएको हुनुपर्नेछ ।
१६. यसमा उल्लेख हुन छुट भएका अन्य कुराहरुको हकमा सार्बजनिक खरिद ऐन २०६३ र नियमावली २०६४ तथा प्रचलित कानुन बमोजिम हुनेछ ।
१७. अन्य आवश्यक कुरा बुझ्नुपरेमा कार्यालय समयभित्र यस कार्यालयमा ९८६०९२८०७७ मा सम्पर्क राख्न सकिनेछ ।

तपशितः

| ठेक्का नं. | कार्य विवरण | इस्टिमेटेड रकम (भ्याट बाहेक)NRs | धरौटी रकम(NRs) | शिलबन्दी दरभाउपत्र फारम दस्तुर (NRs.) |
|---|---|---|---|---|
| 01/Goods/SQ/ KM/082/083/Health | आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवाको लागि औषधि खरिद | २४६१००४.०० | ७३८३१.०० | ३०००.०० |

**प्रमुख प्रशासकीय अधिकृत**


## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

## ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३



तरकारी किनमेलः
दाङको घोराही उप-महानगरपालिका-१५ मा पालिकाले सञ्चालन गरेको कृषि उपज केन्द्रमा बुधबार बिहान तरकारी किनमेल गर्दै स्थानीय । तस्विर : रञ्जिता अधिकारी / रासस

# न्यू होराइजनमा तीन दिने स्काउट प्रशिक्षण



बुटवल । न्यू होराइजन अंग्रेजी आवासीय मावि बुटवलमा तीन दिने आवासीय स्काउट प्रशिक्षण कार्यक्रम सम्पन्न भएको छ । न्यू होराइजन स्काउट ट्रुपद्वारा आयोजना गरिएको प्रशिक्षण कार्यक्रम असोज २६ गतेदेखि २९ गतेसम्म सञ्चालन गरिएको थियो । यस अवधिमा सहभागी स्काउट विद्यार्थीहरूले हाइकिङ, रक क्लाइम्बिङ, ट्रि क्लाइम्बिङ, ट्रेकिङ, ध्यान, आध्यात्मिक जागरूकता, प्रोजेक्ट वर्क, स्काउट सर्वधर्म र सांस्कृतिक प्रस्तुतिजस्ता विभिन्न सिकाइमुखी गतिविधिहरूमा सक्रिय सहभागिता जनाएका थिए ।

कार्यक्रमको समग्र निर्देशन स्काउट मास्टर खुमाकान्त अधिकारीले गरेका थिए । उनकाअनुसार उक्त प्रशिक्षणले विद्यार्थीहरूमा शारीरिक सक्षमता, आत्म-अनुशासन, नेतृत्व विकास, समूह भावना तथा व्यावहारिक सिप अभिवृद्धि गर्न सहयोग पुऱ्याएको छ ।

प्रशिक्षणको अन्तिम दिन विद्यालय परिसरमा सांस्कृतिक कार्यक्रमसहित समापन भएको छ । सो अवसरमा सहभागी विद्यार्थीहरूलाई प्रमाणपत्र र ब्याच वितरण गरि दिक्षित समेत गरिएको थियो ।

समापन कार्यक्रममा बोल्दै विद्यालयका प्राचार्य लोकनाथ उपाध्यायले विद्यालयले विद्यार्थीको शैक्षिक गुणस्तरसँगै खेलकुद, अतिरिक्त क्रियाकलापसहित सर्वाङ्गीण विकासमा सम्पूर्ण ध्यान केन्द्रित गरेको बताए । कार्यक्रममा अभिभावक हिरा खड्का, विद्यार्थीहरु देब्यानी सेन, रन्जन मल्ल, सोफिया पौडेल स्काउटर सीताराम ओलीलगायतले आफ्ना भनाइ राखेका थिए । विद्यालयका उप-प्राचार्यहरू बालकृष्ण भण्डारी, बासुदेव अर्याल, राजीव श्रेष्ठ, तथा शिक्षक-कर्मचारीहरूले स्काउट ट्रुपको पहलले विद्यार्थीहरूमा नेतृत्व क्षमता विकास र व्यवहारिक सीप विकासका लागि महत्वपूर्ण भूमिका खेल्ने भन्दै सराहना गरेका थिए । प्रशिक्षणमा १५ जना छात्रा र १२ जना छात्र सहभागी थिए ।

# जनमत फुटेर बनेको जनस्वराज निर्वाचन आयोगमा दर्ता

बुटवल । जनमत पार्टीबाट विभाजित भई गठित जनस्वराज पार्टी निर्वाचन आयोगमा दर्ता भएको छ ।

आयोगले यही असोज २८ गते सो पार्टीको दल दर्ताको निवेदन, विधान, झन्डा, निर्वाचन चिन्हसहितका विवरणलाई आफ्नो अभिलेखमा समावेश गर्ने निर्णय गरेको जनाएको हो ।

सो पार्टीको अध्यक्षमा दीपककुमार साह रहेका छन् ।

उक्त पार्टीले 'समृद्धि, सामाजिक न्याय र जनताको पूर्ण स्वशासन (स्वराज)' लाई आफ्नो वैचारिक नीति मान्दै नयाँ पुस्ताको व्यवहारिक समाधान र सहभागीमूलक राजनीतिक संस्कृति निर्माण गर्न कटिबद्ध रहेको जनाएको छ ।

# राप्रपा बैठकमा बहुमत नेता अनुपस्थित




बुटवल । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को कार्यसम्पादन समितिको बैठकमा बहुमत नेताहरु अनुपस्थित भएका छन् । वरिष्ठ उपाध्यक्ष रवीन्द्र मिश्र, महामन्त्री धवलशमशेर राणलगायत अनुपस्थित भएका छन् ।

महामन्त्री डा.धवलशमसेर राणा पक्षले अध्यक्ष राजेन्द्र लिङ्देनलाई पत्र लेखेर बहिष्कार गर्ने पूर्व जानकारी दिएका थिए । राणा पक्षका नेताहरु कार्यसम्पादन समितिमा उपस्थित भएनन् ।

बैठकमा वरिष्ठ उपाध्यक्ष मिश्र पक्षका नेताहरु पनि सहभागी भएनन् । ५२ सदस्यीय कार्यसम्पादनमा मिश्र पक्षका सात जना छन् ।

पार्टी अध्यक्षको शैलीप्रति लक्षित गर्दै वरिष्ठ उपाध्यक्ष मिश्रले बैठक सकिएलगत्तै सामाजिक सञ्जालमा आफ्नो धारणा राखेका छन् । प्रजातन्त्र/लोकतन्त्रमा पार्टी नबनि देश बन्दैन नबन्ने उल्लेख गर्दै मिश्रले पार्टी बनिदेओस् भन्ने एकमात्र कामना गरेको बताएका छन् ।

'पद्धति, पारदर्शिता, इमानदारी र उत्कृष्टता गुमाउँदै गएर सबै पार्टीको विश्वसनीयतामा अत्यधिक ह्रास आउनु ठूलो चिन्ताको विषय हो ।'- मिश्रले सामाजिक सञ्जालमा लेखेका छन् । धेरै नेताहरु अनुपस्थित भएपछि पार्टी अध्यक्ष राजेन्द्र लिङ्देनले बहुमत नेताले हस्ताक्षर लिएर आए आफू अध्यक्ष पद छाड्न तयार रहेको बताए ।

# लुम्बिनीमा अन्तर्राष्ट्रिय वैज्ञानिक सम्मेलन शुभारम्भ




लुम्बिनी । बुद्धजन्मस्थल लुम्बिनीमा ६७ देशका २ सय बढी सम्पदा विज्ञहरुको उपस्थितीमा अन्तर्राष्ट्रिय वैज्ञानिक सम्मेलन बुधबारदेखि सुरु भएको छ । प्रकोप, द्वन्द्व र शान्ति विषयलाई केन्द्र बिन्दुमा राखेर सम्पदा संरक्षण समाज (इकोमस) नेपालको आयोजनामा वैज्ञानिक सम्मेलन सुरु भएको हो । सम्मेलनको बुधबार लुम्बिनी प्रदेश उद्योग, पर्यटन तथा यातायात मन्त्री प्रचण्ड विक्रम न्यौपानेले शुभारम्भ गरेका हुन् । यसअघि अक्टोबर ११ देखि सुरु भएको इकोमसको वार्षिकसभाको समापन तथा वर्षगाँठ उत्सव मंगलबार सम्पन्न गरिएको थियो ।

वैज्ञानिक सम्मेलन शुभारम्भ कार्यक्रममा बोल्दै मन्त्री न्यौपानेले बुद्धजन्मस्थल लुम्बिनीमा विभिन्न देशका सम्पदा विज्ञहरुको उपस्थितिमा इकोमसको वार्षिकसभा र वैज्ञानिक सम्मेलन गरेकोमा धन्यवाद व्यक्त गरे । उनले शान्तिभूमि लुम्बिनीमा गरिएको सम्मेलनले विश्वभर नै नयाँ सन्देश दिन सफल हुने विश्वास व्यक्त गरे ।

शुभारम्भ कार्यक्रममा इकोमस अन्तर्राष्ट्रियका अध्यक्ष प्राध्यापक टेरेशा प्याटिसियो, लुम्बिनी विकास कोषका उपाध्यक्ष डा. ल्यारक्याल लामा, युनेस्को नेपाल प्रमुख ज्याको दु टोयोट, सम्पदा विज्ञ कोष प्रसाद आचार्य, लुम्बिनी बौद्ध विश्वविद्यालयका निमित्त रजिष्टार डा. गीतु गिरी, थाई विहार लुम्बिनीमा प्रमुख भन्ते फ्रा.राजबोधी सुफोथ, साँस्कृतिक सम्पदा विज्ञ काइवाइजेलगायले बोल्दै सम्मेलनमार्फत् सम्पदा संरक्षणका उत्कृष्ट अभ्यासका अन्तर्राष्ट्रिय मापदण्डहरू निर्माणमा अग्रणी भूमिक खेल्ने विश्वास व्यक्त गरे ।

इकोमस नेपालका अध्यक्ष ज्ञानिन राईले सम्मेलनमा सहभागी अतिथि तथा विज्ञहरुलाई स्वागत गर्दै बुद्धजन्मस्थल लुम्बिनीमा गरिएको वैज्ञानिक सम्मेलनले सांस्कृतिक सम्पदाको संरक्षण एवम् सुधारमा महत्वपूर्ण काम गर्ने विश्वास व्यक्त गरे ।

युनेस्कोको सल्लाहकार निकायको रुपमा रहेको इकोमसले विश्व सम्पदा सूचीमा अभिलेखको लागि प्रस्तावित सांस्कृतिक र मिश्रित सम्पदाहरूको मूल्याङ्कन गरी विश्व सम्पदा समितिलाई प्रदान गर्ने गर्दछ । कार्यक्रममा इकोमस इन्टरनेशनलका सदस्यहरूसहित विश्वभरका सांस्कृतिक सम्पदा संरक्षणसँग सम्बन्धित विज्ञहरू, अनुसन्धानकर्ताहरू तथा नीति निर्माताहरू, सरकारी अधिकारीहरु, अन्तर्राष्ट्रिय पाहुनाहरुसहित ६७ राष्ट्रका करिव ३०० स्वदेशी तथा विदेशी सहभागीहरू छन् । सम्मेलनमा विभिन्न विषयहरुमा प्राप्त २६० कार्यपत्रमध्ये छनौटमा परेका १९० वटा कार्यपत्रहरुको प्रस्तुतीकरणसहित छलफल हुने जनाइएको छ ।

लुम्बिनी बौद्ध विश्वविद्यालयको केन्द्रीय कार्यालयमा भइरहेको सम्मेलनमा प्रकोप, द्वन्द्व र शान्तिसँगै सम्पदा संरक्षणका सन्दर्भमा विभिन्न सेसनहरुमा छलफल हुनेछ । कार्यक्रममा नेपालकातर्फबाट साँस्कृति सम्पदा व्यवस्थापनमा सक्रिय ज्ञानिन राई, डा. काई वाईजे, एनी जोशी, डा. ईनु प्रधान सालिके, सृष्टिना श्रेष्ठ, देवेन्द्र भट्टराई सहित ईकोमस इन्टरनेशनलका सचिवालय सदस्यहरुले विभिन्न प्रस्तुति राख्नेछन् । प्रस्तुतिकरणसहित विशेषज्ञ प्यानल, स्थलगत भ्रमण गरी सम्मेलन अक्टोबर १९ तारिखमा घोषणापत्र जारी गरेर समापन गरिनेछ ।

कार्यक्रमको लुम्बिनी बौद्ध विश्वविद्यालय, लुम्बिनी विकास कोष, पुरातत्व विभाग, लुम्बिनी सांस्कृतिक नगरपालिका, ओरियन्टीयल हेरिटेज साइट प्रोटेक्सन एलायन्स फ्रान्स, ब्रिटिश काउन्सिल, अष्ट्रेलिया इकोमस, इकोमस चाइनलगायतले साझेदारी गरेका छन् ।

# गुल्मीका ५१ प्रतिशत नागरिक स्वास्थ्य बिमाको पहुँचमा

गुल्मी । सामाजिक सुरक्षाअन्तर्गत सरकारले ल्याएको स्वास्थ्य बिमा कार्यक्रमप्रति गुल्मीका नागरिकको आकर्षण बढ्दै गएको छ । स्वास्थ्य उपचारमा सहज पहुँच स्थापित गराउने उद्देश्यले स्वास्थ्य बिमा कार्यक्रमको सुरुआत गरिएको थियो ।

जिल्लाका ५१.६५ प्रतिशत नागरिकमा स्वास्थ्य बिमा पहुँचमा पुगेको छ । २०७८ सालको जनगणनाअसार जिल्लामा कूल दुई लाख ४६ हजार आठ सय ३६ जनसंख्या रहेकोमा एक लाख २७ हजार तीन सय ५५ जनाले स्वास्थ्य बिमा गराएका छन् । जसमा महिला ६५ हजार छ सय ६६ र पुरुष ६१ हजार छ सय ८९ जना रहेका छन् ।

सबैभन्दा बढी रेसुङ्गा नगरपालिकाका २४ हजार पाँच सय ४१ जनाले स्वास्थ्य बिमा गराएका छन् । त्यसैगरी चन्द्रकोटका छ हजार चार सय, छत्रकोटका १२ हजार दुई सय ६३, धुर्कोटका १० हजार तीन सय पाँच, गुल्मी दरबारका १० हजार दुई सय १०, इस्माका सात हजार तीन सय ५० नागरिकले स्वास्थ्य बिमा गराएका छन् ।

त्यसैगरी कालीगण्डकीका छ हजार सात सय तीन, मदानेका तीन हजार छ सय ७६, मालिकाका आठ हजार एक सय ९९, मुसीकोटका सात हजार आठ सय ४१, रुरुक्षेत्रका १४ हजार ८५ तथा सत्यवतीका १५ हजार सात सय ८२ नागरिकले स्वास्थ्य बिमा गराएको स्वास्थ्य बिमा बोर्ड गुल्मीका प्रमुख सुवास घिमिरेले जानकारी दिए ।

जिल्लामा हालसम्म शुल्क लाग्ने साधारण समूहतर्फ २१ हजार ३३ परिवारका एक हजार पाँच सय २४ परिवार र ५० प्रतिशत छूटमा आठ सय ८३ महिला स्वास्थ्य स्वयंसेविकाका परिवारका चार हजार छ सय दुई जनाले स्वास्थ्य बिमा गराएका छन् । सरकारले ज्येष्ठ नागरिक, अपाङ्ग एवं विभिन्न रोग लागेकाहरूको परिवारलाई निःशुल्क स्वास्थ्य बिमा पनि गराइदिएको छ । जसमा १७ हजार सात सय १२ ज्येष्ठ नागरिक निःशुल्क बिमाको पहुँचमा आएका छन् ।

'क' वर्गका अपाङ्गतर्फ सात सय ९३ परिवारका तीन हजार नौ सय ९९ जना, एचआइभी एड्स सङ्क्रमित एक सय ६६ परिवारका चार सय ८२ जना, कुष्ठरोगीका तीन परिवारका १२ जना तथा एमडीआर टिबीका छ परिवारका २५ जनाको पनि निःशुल्क स्वास्थ्य बिमा गराइएको स्वास्थ्य बिमा बोर्ड गुल्मीका प्रमुख घिमिरेले बताए । गुल्मीमा २०७६ साल माघ १९ गतेदेखि स्वास्थ्य बिमा कार्यक्रम सुरु गरिएको थियो । सरकारले तीन हजार पाँच सयमा एक परिवारका पाँच सदस्यसम्मको बिमा गर्दछ । जसमा एक लाख बराबरको औषधि-उपचार निःशुल्क प्राप्त गर्दछन् ।

त्यसैगरी परिवार संख्या पाँचभन्दा बढी भएमा प्रतिव्यक्ति रु सात सयका दरले प्रथम बिमा शुल्कमा थपिँदै जाने र सो रकमले रु २० हजार उपचार खर्च प्राप्त हुने स्वास्थ्य बिमा बोर्डले जनाएको छ ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको
लागि सधै हामीलाई सम्झनुहोस् !
आइडिया डिजाइनर्स/अफसेट प्रेस
सम्पर्कः
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३ मो.९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

प्रो. मञ्जु एण्ड सन्स्
फोन: ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही
विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरू संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

हार्दिक शुभकामना
नेपालीहरूको महान चाड शुभदीपावली तथा छठ पर्व-२०८२ तथा नेपाल सम्बत ११४६ को पावन अवसरमा शिक्षक, कर्मचारी, अभिभावक तथा सम्पूर्ण शुभचिन्तकहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
गंगा भण्डारी
प्राचार्य
कुलानन्द पाण्डे
अध्यक्ष
आवर पीसल्याण्ड एकेडेमी परिवार
बुटवल-७, शिवनगर, रुपन्देही (फोन: ९८४७०३३७८८)

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dailylumbini@gmail.com(Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com